
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख ८ गते शुक्रबार ❑ 21 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गठबन्धनलाई हार्ने छुट छैन : सभापति देउवा

**पोखरापत्र संवाददाता**
चितवन, ७ बैशाख

नेपाली कांग्रेसका सभापति एवम पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उपनिर्वाचनमा गठबन्धनलाई हार्ने छुट नभएको बताउनुभएको छ।

लोकतान्त्रिक-वाम गठबन्धनले बिहीबार चितवनको कालिका नगरपालिकामा आयोजना गरेको चुनावीसभामा सभापति देउवाले गठबन्धनका उम्मेदवारलाई जिताएर पठाउन मतदातालाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "तपाईंहरूले जिताएर पठाउनुस्, मन्त्री बनाउने काम मेरो भयो ।"

अहिलेको सत्ता गठबन्धनले पाँच वर्ष सरकार चलाउने उल्लेख गर्दै उहाँले विकासका लागि समेत ढुक्क रहन आग्रह गर्नुभयो । "चितवन ऐतिहासिक जिल्ला हो । जिताएर पठाउनुस्, अरु हामी गर्छौं । जीतनारायणश्रेष्ठकामगरेकोरदुःख गरेको मान्छे भएकाले निर्वाचनमा जिताउनुपर्छ", सभापति देउवाले भन्नुभयो-"विसं २००७, २०४७ साल र २०६२/६३ सालको जनआन्दोलनमा यहाँका साथीहरूको सहभागिता र सक्रियतालाई बिर्सन हुँदैन् ।"

चुनावीसभामा नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय उपाध्यक्ष राजेन्द्र पाण्डेले प्रजातन्त्रको बहालीका लागि अग्रपङ्क्तिमा लड्दै आएको चितवनका बासिन्दाले आफ्नो मतलाई गलतरूपमा प्रयोग गर्न नहुने बताउनुभयो । विचार र सिद्धान्त नभएको पार्टीले देशलाई सुशासन दिन नसक्ने उहाँको भनाइ थियो । सोही अवसरमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले देशमा व्यक्तिवादी चरित्र हाबी हुन थालेको उल्लेख गर्दै पुराना र इतिहास बोकेका पार्टीलाई सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "अवसरवादीले राजनीतिक दललाई घेराबन्दी गरेका छन्, त्यसलाई तोडेर अघि बढ्नुपर्छ ।" कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाणले आगामी चार वर्षमा आम नागरिकले देख्ने गरी विकास हुने बताउनुभयो । विकासका लागि सत्ता गठबन्धनका उम्मेदवार जिताउनुपर्ने उहाँको भनाइ थियो।

कार्यक्रममा चितवन क्षेत्र नं २ बाट लोकतान्त्रिक-वाम गठबन्धनका तर्फबाट उम्मेदवार नेपाली कांग्रेसका जीतनारायण श्रेष्ठले आफूले यस क्षेत्रको समस्या नजिकबाट पहिचान गरेकाले समस्या समाधान गर्न पनि जिम्मेवारी दिन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "यहाँको विकासका लागि मेरो भूमिका महत्वपूर्ण रहने छ । यहाँको विश्वासलाई धोका दिने छैन ।" चुनावीसभालाई नेकपा (माओवादी केन्द्र) का स्थायी कमिटी सदस्य नारायण दाहाल, एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य सावित्रा भुसाल, जिल्ला अध्यक्ष अरुणपीडित भण्डारी, नेपाली कांग्रेसका जिल्ला सभापति राजेश्वर खनाललगायतले सम्बोधन गर्नुभएको थियो।

## मुख्यमन्त्रीले शनिबार विश्वासको मत लिने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले शनिबार विश्वासको मत लिनुहुने भएको छ।

शनिबार दिउँसो ३ बजे बस्ने प्रदेशसभा बैठकमा मुख्यमन्त्री अधिकारीले विश्वासको मत लिन लाग्नुभएको हो । विश्वासको मत लिने विषयलाई प्रदेशसभा बैठकको कार्यसूचीमा समावेश गर्ने व्यवस्थाका लागि मुख्यमन्त्रीले पत्रमार्फत सूचना दिनुभएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी प्रेम सुवेदीले जानकारी दिनुभयो। सत्ता साझेदार नेकपा (माओवादी केन्द्र) ले गत चैत १० गते मुख्यमन्त्री अधिकारीलाई दिएको समर्थन फिर्ता लिएपछि वर्तमान सरकार अल्पमतमा परेको थियो । समर्थन फिर्ता लिएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्री अधिकारीले प्रदेशसभाबाट विश्वासको मत लिन लाग्नुभएको हो । संविधानको धारा १८८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीले विश्वासको मत लिनुहुने प्रदेशसभा सचिवालयले जनाएको छ । ६० सदस्यीय प्रदेशसभाको विश्वास लिन मुख्यमन्त्रीलाई ३१ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ। गत पुस २५ मा एमालेसहित माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थनमा अधिकारी गण्डकीको तेस्रो मुख्यमन्त्री बन्नुभएको थियो ।

## उपनिर्वाचनका लागि प्रचारप्रसार निषेधको अवधि सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख

यही वैशाख १० गते आइतबार हुन लागेको तीन क्षेत्रको उपनिर्वाचनका लागि बिहीबार राति १२ बजेदेखि प्रचारप्रसार निषेधको अवधि हुने भएको छ।

प्रतिनिधिसभा सदस्यका लागि बारा निर्वाचन क्षेत्र नं २, तनहुँ निर्वाचन क्षेत्र नं १ र चितवन निर्वाचन क्षेत्र नं २ मा हुन लागेको निर्वाचनका लागि निषेधको अवधि लागू हुने भएको हो। उपनिर्वाचनका लागि आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७९ चैत २४ गतेदेखि जारी गरेको सो निर्वाचन आचारसंहिता, २०७९ मा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म प्रचारप्रसार निषेधको अवधि लागू हुने व्यवस्था गरिएको छ। उक्त व्यवस्थाबमोजिम बिहीबार मिति २०८० वैशाख ७ गतेको राति १२ बजेदेखि वैशाख १० गते मतदान केन्द्र बन्द नभएसम्म प्रचारप्रसार निषेधको अवधि कायम रहने निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जनाउनुभयो।

निर्वाचन (कसुर तथा सजाय) ऐन, ७३ को दफा २४ को उपदफा ५ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम उक्त अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न तथा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यम तथा सामाजिक सञ्जालबाट मत माग्न निषेध गरिएको आयोले सम्बन्धित सबैमा स्मरण गराएको छ। साथै निर्वाचन आचारसंहिताविपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न, सञ्चारमाध्यमबाट जित वा हारको पूर्वानुमानका सामग्री प्रसारजस्ता कार्य नगर्न/नगराउन आयोगले आग्रह गरेको छ।

## निर्वाचन सामग्री बुझेर मतदान केन्द्रतर्फ कर्मचारी

**पोखरापत्र संवाददाता**
दमौली, ७ बैशाख

वैशाख १० गते हुने उपनिर्वाचनका लागि तनहुँ क्षेत्र नं १ अन्तर्गत खटिएका कर्मचारी मतदान केन्द्रतर्फ जाने तयारीमा छन् । निर्वाचनका लागि खटिएका कर्मचारीले आजदेखि निर्वाचन सामग्री बुझेर मतदान केन्द्रमा जाने तयारी गरेका हुन् ।

जिल्ला निर्वाचन कार्यालयले मतदान केन्द्रमा आवश्यक पर्ने सबै सामग्री बुझाउन सुरु गरेको छ । उक्त कार्यालयबाट आवश्यक सामग्री र मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र बुझाउन थालिएको निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । "सुरक्षा प्रबन्धसहित कर्मचारी मतदान केन्द्रमा जाने तयारीमा हुनुहुन्छ, बिहीबार साँझसम्म सबै मतदान केन्द्रमा कर्मचारी पुगिसक्नुपर्नेछ भनेर निर्देशन दिइएको छ", उहाँले भन्नुभयो, "निर्वाचनका लागि आवश्यक पर्ने सबै सामग्री प्याकिङ गरेर बुझाउने क्रम जारी छ ।" प्रमख ढकालका अनुसार प्रत्येक मतदान केन्द्रमा ६१ प्रकारका सामग्री पठाइएको छ। निर्वाचन सामग्री बुझेपछि सुरक्षा निकायको निगरानीमा कर्मचारीलाई सम्बन्धित मतदान केन्द्रसम्म लैजाने व्यवस्था मिलाइएको छ। मतदान केन्द्रमा पुगेपछि सम्बन्धित ठाउँका राजनीतिक दलसँग बैठक, मतदाता परिचयपत्र वितरण, मतदान केन्द्र निर्माणलगायत काम हुनेछन् । उपनिर्वाचनका लागि सात सय ६० कर्मचारी परिचालन गरिएको छ । तनहुँ क्षेत्र नं १ को उपनिर्वाचनका लागि विसं २०८० वैशाख ९ गतेसम्म १८ वर्ष पूरा हुने एक लाख २३ हजार तीन सय पाँच मतदाता रहेको निर्वाचन कार्यालयले जनाएको छ। यो निर्वाचन क्षेत्रमा व्यास नगरपालिकाका ५ र ६ बाहेक १२ वडा, देवघाट गाउँपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका र भानु नगरपालिका पर्दछ।

उपनिर्वाचनमा सबैभन्दा बढी मतदाता भानु नगरपालिकामा छन् । उक्त नगरपालिकाका १३ वडामा ४० हजार आठ सय ४४ मतदाता रहेकामा २१ मतदानस्थल र ५० मतदान केन्द्र कायम गरिएको छ। त्यस्तै कम मतदाता देवघाट गाउँपालिकामा रहेको उक्त कार्यालयले जनाएको छ। देवघाटका पाँच वडामा १२ हजार सात सय १२ मतदाताका लागि आठ मतदानस्थल र १५ मतदान केन्द्र रहेको निर्वाचन कार्यालयले जनाएको छ। त्यस्तै आँबुखैरेनी गाउँपालिकाका छ वडामा १३ हजार छ सय २२ मतदाता छन्। आँबुखैरेनीमा नौ मतदानस्थल र १७ मतदान केन्द्र छन्। बन्दीपुर गाउँपालिकाका छ वडामा १५ हजार छ सय ७८ मतदाताका लागि ११ मतदानस्थल र २२ मतदान केन्द्र कायम गरिएको छ।

## किशोरीहरुसँग कानुन मन्त्री गाहाको संवाद

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख


गण्डकी प्रदेशको कान्छो जिल्ला नवलपुरबाट पोखरा आएका किशोरीहरुसँग गण्डकी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री तथा प्रदेश सरकारका प्रवक्ता रोशन बहादुर गाहाको संवाद कार्यक्रम बुधबार पोखरामा सम्पन्न भएको छ।



कार्यक्रममा बोल्दै मन्त्री गाहाले कानुन बनाएर मात्र बाल अधिकार र सहभागिताको सुनिश्चितता नहुने भएकाले कार्यान्वयन पक्षमा समेत लाग्नुपर्ने धारणा व्यक्त गर्नुभयो । आज बालबालिकामा गरिने लगानीले भविष्यको सुन्दर देश बनाउन सहयोग गर्ने भएकाले त्यसमा प्रदेश सरकार लाग्ने प्रतिबद्धता राख्नुभयो । नवलपुरको जागृति बाल तथा युवा सरोकार नेपालले क्यान्नालन स्विजरल्याण्डसँगको साझेदारीमा सञ्चालित किशोरी सशक्तिकरण कार्यक्रमका ४० जना किशोरीहरुले आफुहरुले काम गर्दा आएका विभिन्न विषयहरुलाई प्रदेश सरकारलाई ध्यानाकर्षण गराउनको लागि पोखरा आएका हुन्। ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री गाहाले समाज परिवर्तनका लागि सचेत प्रयत्नलाई जारी राख्न किशोरीहरुलाई अनुरोध गर्नुभयो । किशोरीहरुले कार्यक्रममा मन्त्री गाहालाई १७ बुँदे ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका हुन् । ध्यानाकर्षण पत्रमा विशेषगरी बालिकाहरुको लागि आवश्यक पर्ने सुरक्षा, पोषण, शिक्षा, सहभागिता, स्वास्थ्य, साइबार अपराध लगायतका विषयहरुको बारेमा स्वयम् किशोरीहरुले नै तयार गरेर हस्तान्तरण गरिएको किशोरी अभियन्ता शशी क्षेत्रीले बताउनुभयो। किशोरीहरुले आफ्ना विभिन्न मागहरु रहेको ध्यानाकर्षण पत्र यस अघि मुख्यमन्त्री खगराज अधिकारी र सामाजिक विकास तथा स्वास्थ्य मन्त्री पञ्चराम गुरुङलाई पनि हस्तान्तरण गरेका थिए । ध्यानाकर्षण पत्रमा बालकालिकामा लगानी सुनिश्चितता, विद्यालयमा स्वास्थ्यकर्मी तथा मनोविमर्शकर्ताको व्यवस्था, किशोरी मैत्री पूर्वाधार निर्माण, मन्त्रालयका हरेक संयन्त्रमा किशोरीहरुको उप समितिको व्यवस्था, न्यायमा पहुँच, अनलाइन जोखिम नियन्त्रण, सुरक्षा, बालमैत्री, युवामैत्री, पोषणमैत्री तथा किशोरीमैत्री शासन, व्यवहारिक तथा नैतिक शिक्षा, गुणस्तरिय सेनिटरी प्याड, बालविवाह नियन्त्रण, जन्मदर्ता, बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने अभियान जस्ता विषयहरु समावेश गरिएको किशोरी अभियन्ता प्रकृति अर्यालले जानकारी दिनुभयो। कार्यक्रमका सहभागी किशोरीहरुले पाँच वर्षभन्दामुनिका बालबालिकालाई यो प्रदेशमा पनि बाल पोषण भत्ता सुनिश्चत गरिनुपर्ने, विद्यालय खाजा कार्यक्रमको बजेट र गुणस्तर वृद्धि सहित माध्यामिक तहसम्मै यसलाई बिस्तार गरिनुपर्नेमा जोड दिएका थिए।

गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयका सचिव मनमाया भट्टराई पंगेनीले बालिकाहरुको भ्रुणहत्या र साइबर अपराध अहिले हिंसाको नयाँ रुपका रुपका विकास भएकोमा चिन्ता व्यक्त गर्नुभयो । सचिव पंगेनीले सपना देख्नु र त्यसमा निरन्तर मेहेनत गरेर लाग्नु नै सफलताको बाटो भएको विचार राख्नुभयो । संवाद कार्यक्रममा बोल्दै गैरसरकारी संस्था महासंघका केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदीले नागरिक समाजलाई राज्यले प्रतिस्पर्धीको रुपमा हेर्न नहुने बताउनु भयो । किशोर उमेरदेखि नै उद्यमशिलतातर्फ आकर्षित गराउन अभियान चलाउनुपर्ने आवश्यकता व्यक्त गर्नुभयो।

कार्यक्रममा किशोरी अभियन्ताहरु सवनम सुनार र मान्सु न्यौपानेले कार्यक्रममा किशोरीका सवालहरुलाई प्रस्तुत गरेका थिए। कार्यक्रमको सहजीकरण संस्थाका अध्यक्ष तिलोत्तम पौडेल र सभापतित्व किशोरी अभियान्ता प्रतिक्षा विकले गर्नुभएको थियो।

# ६१२ स्वास्थ्य स्वंयसेवक घर–घरमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ बैशाख



१ बर्षदेखी ५ बर्ष भित्रका बालवालिकालाई भिटामिन 'ए' र जुकाको औषधी खुवाउने अभियानमा महिला स्वास्थ्य स्वंयसेवकहरु घर–घरमा पुगेका छन् ।

स्याङ्जाका ६ सय १२ जना महिला स्वास्थ्य स्वंयसेवकहरु बालवालिका भएको घरमा औषधी खुवाउन पुगेका हुन् । ६ महिना देखी ५ बर्ष भित्रका १७ हजार ७ सय बालवालिकालाई भिटामिन 'ए' र १ बर्ष देखी ५ बर्षभित्रका १५ हजार ७ सय ८३ बालवालिकालाई जुकाको औषधी खुवाउन महिला स्वास्थ्य स्वंयसेवीकाहरु प्रत्येक घर–घरमा गएको स्वास्थ्य कार्यालय स्याङ्जाले जनाएको छ । राष्ट्रिय अभियानको रुपमा रहेको यो कार्यक्रमका लागि २४ हजार औषधी जिल्लाका सबै पालिकामा पठाईसकिएको स्वास्थ्य कार्यालय स्याङ्जाका सुचना अधिकारी बिष्णु सुबेदीले जानकारी दिए । १९ हजार बालवालिकालाई भिटामिन र जुकाको औषधी खुवाउने लक्ष्य लिएको स्वास्थ्य कार्यालयले जनाएको छ । बैशाख ६ र ७ गते घर–घर वा टोल–टोलमा पुगेर औषधी खुवाउने व्यवस्था मिलाएको स्वास्थ्य कार्यालय स्याङ्जाका प्रमुख बसुन्धरा शर्माले जानकारी दिइन् । उनका अनुसार दुईदिन सम्म लक्ष्य अनुसारको औषधी खुवाईयो वा पुगेन भन्ने बिषयको तथ्याङ्क आउन भने ढिलाई हुने बताइन् । छुटेका बालवालिकालाई पुन २/४ दिन लगाएर महिला स्वास्थ्य स्वंयसेवकले खुवाउनुहुन्छ उनले भनिन्,'बिरामी भएर आएका तर दुवै औषधी खुवाउन छुटेकालाई उपचार सगै स्वास्थ्य संस्थामा खुवाईन्छ ।' औषधी खुवाउन बालवालिका नछुटुन भन्ने हाम्रो ध्येय र सरकारको पनि चाहाना उही हो उनले भनिन् । भिटामिनयुक्त खाना खुवाउन सबै अभिभावकलाई अनुरोध गर्दै स्वास्थ्य कार्यालयले भिटामिन औषधी भन्दा पनि भिटामिनयुक्त खाना खुवाएर निर्मुल पार्नुपर्ने स्वास्थ्य कार्यालयको अभियान छ ।

# अन्नपूर्ण हिमालमा बेपत्ता आरोहीको जीवितै उद्धार

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ बैशाख

म्याग्दीस्थित अन्नपूर्ण हिमालको दोस्रो आधार शिविरबाट बेपत्ता भएका एक जना आरोहीको चार दिनपछि जीवितै उद्धार गरिएको छ ।

भारतको राजस्थानको किशनगढका ३४ वर्षीय अनुराग मालु आज बिहान अन्नपूर्ण हिमालको दोस्रो आधार शिविरमा भेटिनुभएको हो । सोमबारदेखि बेपत्ता मालुलाई प्रभु एयरको हेलिकप्टरले बिहान १०:३० बजे सात हजार ५०० मिटरको उचाइबाट जीवितै उद्धार गरेको सेभेन समिट ट्रेकका प्रबन्धक थानेश्वर गुरागाईंले जानकारी दिनुभयो । "हेलिकप्टरले अन्नपूर्ण हिमालबाट पोखराको मणिपाल शिक्षण अस्पतालमा लगेर उपचार थालिएको छ", उहाँले भन्नुभयो । परिवारका सदस्यका अनुसार मालुको अवस्था गम्भीर छ । मालु सेभेन समिट ट्रेकमार्फत आरोहणमा जानुभएको थियो । आरोहण सफल नभएपछि आधार शिविर फर्कने क्रममा मालु बेपत्ता हुनुभएको थियो । अन्नपूर्ण हिमालबाट यसअघि मङ्गलबार भारतीय आरोही २७ वर्षीय बलजीत कौरको पनि जीवितकै उद्धार गरिएको थियो । काठमाडौं लगिएकी कौरको अवस्था सामान्य रहेको ट्रेकिङ कम्पनी पायोनियर एडभेन्चरले जनाएको छ ।

अन्नपूर्ण आरोहण गरेर फर्कने क्रममा कटल्याडका आरोही नोयल हान्नाको मङ्गलबार मृत्यु भएको थियो । हान्न सेभेन समिट ट्रेकबाट अन्नपूर्ण हिमाल आरोहणमा जानुभएको थियो । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका वडा नं ४ नारच्याङको भूगोलमा अवस्थित छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालमा शनिबारदेखि चालु वर्षको वसन्त ऋतुको आरोहण सुरु भएको थियो ।

यस वर्ष अन्नपूर्ण हिमाल आरोहणका लागि पर्यटन विभागबाट पाँच वटा समुहका ४५ जनाले अनुमति लिएका थिए । बुधबारसम्म ३५ जनाले आरोहण गरिसकेका अन्नपूर्ण आधार शिविर पुगेर फर्किएका संरक्षण क्षेत्र व्यवस्थापन समिति नारच्याङका अध्यक्ष तेज गुरुङले बताउनुभयो । अन्नपूर्ण संसारको दशौँ अग्लो हिमाल हो । विसं १९५० मा फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण पहिलो पटक आरोहण गर्नुभएको थियो । मौरिसले अन्नपूर्ण चढेको तीन वर्षपछि १९५३ मा सर एडमण्ड हिलारी र तेञ्जिननोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्नुभएको थियो ।

# पर्यटन प्रवर्द्धनका लागि उद्यान र पदमार्ग

**पोखरापत्र संवाददाता**
वालिङ, ७ बैशाख

स्याङ्जाका धार्मिक, ऐतिहासिक एवं पर्यटकीयस्थलमा ३१ वटा पूर्वाधार निर्माण गर्न लागिएको छ । धार्मिक एवं पर्यटकीयस्थलसम्म सहजताका साथ पुग्नका लागि पदमार्ग र उद्यान निर्माण गर्न लागिएको हो ।

स्याङ्जा सदरमुकाम पुतलीबजार १ मा अवस्थित पर्यटन तथा उद्योग कार्यालय स्याङ्जामार्फत जिल्लाका विभिन्न ठाउँमा पूर्वाधार निर्माण गरेको हो ।

स्याङ्जाका ११ वटा स्थानीय तहसँगको समन्वयमा धार्मिक एवं पर्यटकीयस्थलको संरक्षण र सम्बर्द्धन गर्ने र त्यहाँसम्म सहज पहुँच पुर्‍याउन पूर्वाधार निर्माण गरिएको हो । "जिल्लाका विभिन्न भेगमा रहेका मठमन्दिर, गुम्बा, चर्च लगायतका धार्मिक आस्थाका केन्द्र र पर्यटकीय सम्भावना भएका स्थान संरक्षण, सम्बर्द्धन र पूर्वाधार निर्माणका क्षेत्रमा काम गर्छौं", कार्यालय प्रमुख ठाकुरप्रसाद ढकालले भन्नुभयो, "चालु आर्थिक वर्ष २०७९/८० मा यस कार्यालयमार्फत ३१ स्थानमा पूर्वाधार निर्माण गरिरहेका छौं ।" धार्मिक मार्ग, पार्क र पदमार्ग निर्माण गर्न चालु आर्थिक वर्षमा कूल रु दुई करोड ५० लाख विनियोजन भएको छ । "जिल्लास्थित स्थानीय तहमा रहेका धार्मिक एवं पर्यटकीय स्थलको विवरण उपलब्ध गराउन पालिकालाई पत्राचार गरेका छौं", उहाँले भन्नुभयो, "ऐतिहासिक, धार्मिक, एवं पर्यटकीय दृष्टिले महत्व बोकेका स्थानहरुको विवरण प्राप्त भएपछि पालिकाहरुसँग समन्वय गर्दै के कस्तो पूर्वाधारहरु निर्माण गर्ने भन्ने कार्य योजना बनाउँछौं ।"

जिल्लाका विभिन्न भागमा सञ्चालनमा रहेका योजनामध्ये ६ वटा सम्पन्न भइसकेका छन् । अरु योजनाहरु सम्झौता भएर काम अगाडि बढेका र केही अन्तिम चरणमा पुगेका छन् । पर्यटकीय गाउँहरुमा आउने पाहुनाहरुलाई स्थानीय परिकारका स्वादहरु उपलब्ध गराउने उद्देश्यसहित पर्यटकीय गाउँहरुमा अचार बनाउने एकहप्ते तालिम दिइएको उहाँले बताउनुभयो । साविकको कार्य विवरणमा थप भएको नयाँ कार्य विवरण अनुसार ट्राभल तथा ट्रेकिङ एजेन्सी दर्ता अनुमति र नवीकरण, पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल, प्रदर्शक, र्‍याफ्टिङलगायत साहसिक पर्यटनको प्रवर्द्धन, दर्ता अनुमति नवीकरण र नियमन गर्ने उहाँले बताउनुभयो ।

# डोजरले च्याप्पियर चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख

पोखराको ल्याण्डफिल्ड साइडमा फोहोर पुर्न गएका चालकको डोजरले च्याप्पियर ज्यान गएको छ ।

विहीबार बेलुका करिब ७:०० पोखरा ३२ लामेआहाल स्थित ल्याण्डफिल्ड साईडमा डोजर चालक पोखरा १५ रामबजार निवासी करिब ६० बर्षका मुसाफिर दासको डोजरमै च्यापियर ज्यान गएको प्रहरीले जनाएको छ ।

पोखरा महानगरपालिकाको ग १ ग १३४ नं. को डोजरले फोहोर व्यवस्थापन गर्ने क्रममा अचानक अनियन्त्रित भई डोजर पल्टिन जाँदा सोही डोजरमा च्याप्पियर दासको घटना स्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी श्रवण कुमार बिकले बताए । उक्त घटना पश्चात ईलाका प्रहरी कार्यालय शिशुवाबाट प्रहरी निरिक्षक भगवानराज थापाको कमाण्डमा खटिएको टोलीले शव निकालेर हाल पश्चिमाञ्चल क्षेत्रिय अस्पतालमा ल्याएको छ ।

उक्त घटनाको बारे थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ । महानगरको फोहोर शाखामा काम गरी निर्वित भएका डोजर चालक दास हाल करारमा फोहोर मैला व्यबस्थापनमा काम गर्दै आएको महानगरले जनाएको छ ।

# पोखरा–१५ का विपन्न मजदुरलाई स्वास्थ्य बिमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख



पोखरा महानगरपालिका वडा नम्बर १५ र पोखरा कम्युनिटी सेण्टरको संयुक्त सहयोगमा पोखरा-१५ का विपन्न मजदुर हरुलाई स्वास्थ्य बिमा कार्ड वितरण गरिएको छ ।

बिहीबार आयोजित एक कार्यक्रमका विच त्यहाँका ६१ मजदुर र उनीहरुको परिवारलाई स्वास्थ्य बिमा कार्ड वितरण गरिएको हो । यो मध्ये ३६ जनाको वडाले तथा २५ जनाको कम्युनिटी सेण्टरले बिमा गराएको हो । मजदुरहरुलाई बिमा कार्ड वितरण गर्दै वडाध्यक्ष तोरणबहादुर बानियाँले पछिल्लो समय स्वास्थ्य सेवा महंगो हुँदै गएको अवस्थामा स्वास्थ्य बिमाको महत्व झनै बढ्दै गएको बताए । कार्यक्रममा सहयोगी संस्था पोखरा कम्युनिटी सेण्टरका निर्देशकद्धय पार्क र जोन तथा व्यवस्थापक निर्मला भण्डारीले पनि मजदुरहरुलाई बिमा कार्ड वितरण गरेका थिए ।

स्वास्थ्य बिमा कर्ता पवित्रा पौडेलले बिमा सेवाको बारेमा जानकारी गराएकी थिइन् । कार्ड प्राप्त गरेकाहरुले एक वर्ष सम्म विभिन्न १ हजार १ सय ३७ प्रकारका औषधी निःशुल्क रुपमा प्राप्त गर्ने उनले जनाइन् । कार्यक्रममा शहरी स्वास्थ्य केन्द्र वडा १५ का प्रमुख कृष्ण बाँस्तोलाले केन्द्रले दिएको सेवा तथा हाल सञ्चालन भइरहेको खोप र भिटामिन कार्यक्रमका बारेमा अवगत गराए ।

त्यस्तै वडा सदस्य आशिष भण्डारीले केहि दिन यता छिमेकी मुलुकहरुमा कोभिडको संक्रमण बढ्दै गएकोमा अब हामी पनि सचेत बन्नुपर्नेमा जोड दिएका थिए ।

# एउटै वडामा दस करोडको आलु उत्पादन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ बैशाख

हेम्जाको चिनारीमध्ये आलु पनि एक हो । त्यहाँ बर्सेनि 'आलु महोत्सव' मनाइन्छ । यसपटक हेम्जावासीले ११औं संस्करणको 'राष्ट्रिय हेम्जा आलु महोत्सव'मा रु २८ लाख बराबरको आलु बिक्री गरे ।

पोखरा महानगरपालिका-२५ हेम्जा अहिले 'आलु गाउँले'समेत चिनिन्छ । त्यहाँका पाँच सय बढी किसान व्यावसायिक आलु खेती गर्छन् । महानगरको कृषि शाखाका अनुसार हेम्जामा झण्डै तीन सय हेक्टरमा आलु खेती हुन्छ । वार्षिक उत्पादन ४५ सय मेट्रिक टनभन्दा माथि छ ।

यहाँका किसानले वर्षमा झण्डै रु १० करोड आलु बिक्री गर्ने महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो । "आलु खेतीका लागि हेम्जा उर्वर ठाउँ हो", उहाँले भन्नुभयो, "यहाँको आलु देशमै ब्राण्ड बनिसकेको छ ।" उहाँले घरघडेरीले हेम्जाको उब्जाउ जग्गा नासिँदै गएकोमा भने चिन्ता व्यक्त गर्नुभयो । महानगरको आँकडा अनुसार केही वर्षअघिसम्म हेम्जामा चार सय ५० हेक्टरमा आलु खेती हुन्थ्यो । अहिले त्यो खुम्चेर तीन सय हेक्टरमा सीमित भएको छ । राजमार्ग विस्तार, ठूला पूर्वाधार र तीव्र बजारीकरणका कारण कृषियोग्य जग्गा घट्दै गएको छ । "हेम्जाको आलु बजारमा आउँदा पोखरामा अन्यत्रबाट हुने आयात झण्डै ५० प्रतिशत जति घट्छ", महाशाखा प्रमुख कडरियाले भन्नुभयो, "हेम्मालगायतका ठाउँमा आलु खेती बढाउन सके पोखरालाई आवश्यक आलु यहीँ फलाउन सकिन्छ ।" हेम्जामा 'एमएस.-४२', खुमल लक्ष्मी, जनकदेवलगायत जातका आलुबाली लगाउने गरिएको किसानचित्रनाथपौडेललेबताउनुभयो । कात्तिक/मङ्सिरमा लगाएको आलु चैतसम्ममा भित्र्याइन्छ । हेम्जामा हिउँदे आलुको मात्रै खेती हुने गरेको छ । त्यहाँ फल्ने आलु राजमार्गको पहुँचका कारण सहजै बजार पुग्छ ।

पछिल्लो समय 'आलु महोत्सव' हुन थालेपछि आलुको बजारीकरणमा सहजता थपिएको किसान बताउँछन् । आलु भण्डारणका लागि महानगरको आर्थिक सहयोगका चिस्यान केन्द्र पनि निर्माण गरिएको छ । गुणस्तरीय बीउ, मलको अभाव, हावापानीमा आउने परिवर्तनआदिले आलु खेतीमा चुनौती थप्ने गरेको किसानको भनाइ छ । व्यावसायिक कृषिको प्रवर्द्धनका साथै हेम्जालाई कृषि-पर्यटनको 'हब'का रुपमा चिनाउने उद्देश्यले महोत्सव गर्ने गरिएको स्थानीय विष्णु पादुका क्लबका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१५४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६५४
नयाँ तथा पुराना बिरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

**सम्पादकीय**

# समयमै विद्यार्थीलाई किताब

नयाँ शैक्षिक सत्र सुरु भएसँगै भर्ना अभियान चलेको छ । नयाँ भर्ना र नयाँदिल्ली कक्षामा उक्लिएकाले नयाँ किताब पाउने भएका छन् । नयाँ कक्षा सुरु भएको धेरै समयसम्म पाठ्यपुस्तक नपाएर परीक्षा आउने बेलासम्म पनि शिक्षकले पढाएको भरमा मात्र परीक्षा दिनु परेको कथा सुनिन्थे । विद्यालयका विद्यार्थीको मनोविज्ञानलाई बढाउने वा झार्ने शक्तिशाली पुस्तक नै समयमा उपलब्ध गराउन सक्दैनथ्यो सरकारले । सबैका लागि अनिवार्य आधारभूत शिक्षा भन्ने संवैधानिक प्रबन्ध गरेको राज्यले पाठ्यपुस्तकचाहिँ बेच्छ तर त्यो पनि समयमै पुऱ्याउन नसक्ने । यस पटकचाहिँ विद्यार्थीका हातहातमै पाठ्यपुस्तक पुग्ने भएको छ ।

सामुदायिक विद्यालयका विद्यार्थीलाई भर्ना भएकै दिन नयाँ पाठ्यपुस्तक दिने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तयारी छ । भर्ना अभियान वैशाख १५ गतेसम्म सञ्चालन गरिन्छ । यस वर्ष कक्षा ५, ८ र १० का नयाँ पाठ्यक्रमअनुसारका पाठ्यपुस्तक छापिएका छन् । कक्षा १-५ का पाठ्यपुस्तक छपाइको जिम्मा निजी क्षेत्रले र कक्षा ६-१० का पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्रले छापेका छन् । विगतमा प्रायः जशिकाले नै पाठ्यपुस्तक छपाइ र वितरणको जिम्मा लिएको थियो । अधिकार पाउने तर समयमा पर्याप्त पुस्तक छाप्न र वितरण गर्न नसक्ने अवस्था सरकारी संस्थाको थियो । यस्तो अवस्थाको व्यापक आलोचनापछि निर्धारित पाठ्यपुस्तक छपाइ कार्य विकेन्द्रित गरियो । फलतः यस पटक सुगममा भन्दा दुर्गममा पहिला पाठ्यपुस्तक पुगेका छन् । हिमाली र पहाडी जिल्लालाई पहिलो प्राथमिकतामा राखेर पाठ्यपुस्तक वितरण गरिएको छ । तराई र बाँकी जिल्लामा पनि केही दिनमै पाठ्यपुस्तक पुग्ने अनुमान छ ।

विद्यार्थीले भर्ना भएकै दिन किताब पाउदा विद्यार्थीमा उत्साह सिर्जना गर्नेछ । कर्णालीको जुम्ला हुम्लामा पनि पहिलो पटक समयमै पाठ्यपुस्तक पुगेको छ । दुर्गम क्षेत्रमा पठाइसकेपछि सुगमको पालो आउने प्रबन्ध गरिएको छ । पाठ्यपुस्तक शिक्षण प्रक्रिया वा विधिको महत्त्वपूर्ण सामग्री हो । यो कुनै विद्यार्थी, शिक्षक वा हर मनुष्यका लागि ज्ञानबर्द्धक तथा पथप्रदर्शक हो । यो आफैँमा गुरु हो । पुस्तककै आधारमा विद्यार्थीले नयाँ खोजअनुसन्धान गर्छन् । सीप, उद्यम सिक्छन् । पाठ्यपुस्तककै आधारमा उनीहरूले आफ्नो समाज, राष्ट्रको इतिहास जान्छन् र एकताबद्ध हुन सिक्छन् । अनि शिक्षकले के पढाउने, सिकाउने भन्ने मार्गदर्शन यिनै पाठ्यपुस्तकबाट पाउँछन् उनीहरूले भोलि के सिकाउने भन्ने यसकै माध्यमले थाहा पाउँछन् । यस्तै कारणले विद्वान्ले भनेका हुन्, "पुस्तक अरू कुनै पनि हतियारभन्दा महत्त्वपूर्ण अस्त्र हो । ज्ञानको भण्डार पनि हो । त्यसैले त बालबालिकाले नयाँ पाठ्यपुस्तक पाउँदा आनन्दी मन बनाउँछन् ।सरकारले किताब पठाए जस्तै कक्षा छोड्न नसक्ने र सधैं जान उत्साही बन्ने वातावरण बनाउनु आवश्यक छ ।

# तनहुँका स्थानीय तहबाटै श्रम स्वीकृति सुरु

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख

तनहुँका स्थानीय तहबाट श्रम स्वीकृति दिने प्रक्रिया सुरु भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको परिपत्रअनुसार जिल्लाका स्थानीय तहबाटै यो व्यवस्था सुरु भएको हो । जिल्लाका स्थानीय तहमा रहेका रोजगार केन्द्रबाट उक्त सेवा सुरु भएको छ ।

बन्दीपुर गाउँपालिकाले बुधबारदेखि यो काम सुरु गरेको छ । गाउँपालिकाका रोजगार संयोजक शरणसिं गुरुङका अनुसार मन्त्रालयको परिपत्रअनुसारनै उक्त काम सुरु गरिएको हो । वैदेशिक रोजगारमा जाने युवायुवतीले यसअघि पोखरा वा काठमाडौँ गएर यस्तो स्वीकृति लिनुपर्ने बाध्यता रहेकामा अब गाउँघरमै रहेका स्थानीय सरकारमार्फत उक्त सेवा पाउने गुरुङले बताउनुभयो । "यसअघि अन्यत्रै गएर यस सम्बन्धी स्वीकृति लिनुपर्दा सेवाग्राहीलाई झण्झट हुन्थ्यो, लागत पनि बढी पर्थ्यो तर अब स्थानीय सरकारबाटै सेवा सुरु भएपछि सहज हुन्छ", उहाँले भन्नुभयो ।

श्रम स्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसासम्बन्धी कागजात लिएर आउनुपर्ने हुन्छ । सम्बन्धित व्यक्तिले ल्याएको कागजातका आधारमा रोजगार केन्द्रले सो सम्बन्धी स्वीकृतिका लागि आवश्यक सहजीकरण गरिदिने गुरुङले बताउनुभयो ।

सम्बन्धित व्यक्तिले सो स्वीकृति लिनुपूर्व सामाजिक सुरक्षा कोष, कल्याणकारी कोष र बीमाका लागि तिर्नुपर्ने रकम आफूहरूले मोबाइल बैंकिङबाट तिरेर सहजीकरण गरिदिने गरेको उहाँको भनाइ छ । "मोबाइल बैंकिङ हुने र जान्नेले आफैँ तिर्नु भए पनि हुन्छ, नभए हामीहरूले सहजीकरण गरिदिएर उहाँहरूसँग उक्त रकम लिने गरेका छौँ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार कल्याणकारी कोषका लागि रु एक हजार पाँच सय, सामाजिक सुरक्षा कोषका लागि न्यूनतम रु दुई हजार र बीमाका लागि उमेरअनुसारको शुल्क तिर्नुपर्ने हुन्छ । उक्त सबै काम भए पनि अनलाइनमार्फत श्रम स्वीकृति प्राप्त हुने र उहाँहरूलाई स्वीकृति भएको मोबाइलमा पठाइदिने व्यवस्था मिलाइएको छ ।

"पहिला पहिला श्रम स्वीकृतिका लागि पोखरा जानुपर्थ्यो, एजेन्ट लगाउनुपर्थ्यो । पैसा पनि बढी तिर्नुपर्ने गुनासो आउने गरेको थियो, अब स्थानीय तहबाटै सेवा लिन पाउँदा उहाँहरूलाई झण्झट हुँदैन", उहाँले भन्नुभयो । उहाँका अनुसार एजेण्ट लगाउँदा ठगिने गरेको गुनासो पनि आउने गरेको थियो ।

आँबुखैरेनी गाउँपालिकाले पनि पालिकाबाटै श्रम स्वीकृति दिने व्यवस्था मिलाएको छ । वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, भरपर्दो र पारदर्शी बनाउने साथै सेवाग्राहीलाई स्थानीय तहबाटै सेवा दिने मन्त्रालयको अनुमतिपश्चात् वैदेशिक रोजगारमा संलग्न हुने व्यक्तिले व्यक्तिगत र पुनः श्रम स्वीकृतिका लागि रोजगार केन्द्रमा सम्पर्क गर्न सकिने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो ।

# दुई दिने शिक्षक तालिम

पोखरापत्र संवाददाता
पोखरा, ७ बैशाख



अञ्जुली आवासीय माध्यामिक विद्यालय र न्यू ग्यालेक्सी इंगलिस सेकेण्डकरी वोर्डिङ्ग स्कूलको संयुक्त आयोजनामा दुइ दिने शिक्षक तालिम सम्पन्न भएको छ ।

शिक्षण अभ्यासलाई गुणस्तर बनाउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको न्यू ग्यालेक्सी इंगलिस सेकेण्डकरी वोर्डिङ्ग स्कूलका संस्थापक निर्देशक राजु कायस्थले जानकारी दिए । तालिममा ३२ जना शिक्षक शिक्षिकाको सहभागिता रहेको थियो । तालिममा पूर्ववाल्यकाल शिक्षा, वाल विकास तथा मस्तिष्क विकास, कक्षा व्यवस्थापन, सिकाई तौरतरिका, पाठ्ययोजना र पाठ्यक्रम मूल्याङ्कन सम्वन्धित विविध विषयमा प्रशिक्षण दिईएको थियो । तालिममा कल्पवृक्ष एजुकेशन फाउण्डेशनकी निर्देशक प्रतिक्षा गौतमले सहजिकरण गरेकी थिईन् । 'शिक्षण अभ्यास मार्फत विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि यो तालिम आयोजना गरिएको हो' अञ्जुली आवासीय माध्यामिक विद्यालयका संस्थापक निर्देशक राजु केसीले भने,' शैक्षिक गुणस्तर वृद्धिका लागि तालिम कोषेढुङ्गा सावित हुने छ ।' यस अघि तालिमको उद्घाटन गर्दै नेशनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले शैक्षिक गतिविधिलाई चुस्त वनाउनका लागि यस्ता तालिमको खाँचो रहेको बताए । हिसान गण्डकी प्रदेशका वरिष्ठ उपाध्यक्ष डा. रामजी शर्माले सिकाइ कहिल्यै नसकिने बताउँदै समय अनुकलको शिक्षा प्रदान गर्न तालिम आवश्यकता रहेको बताए । अञ्जुली र न्यू ग्यालेक्सीले वेला वेलामा शिक्षकहरुलाई तालिम प्रदान गर्दै आएको छ ।

# अवसर पाएकाले कांग्रेसलाई बिर्से : महामन्त्री शर्मा

पोखरापत्र संवाददाता
दमौली, ७ बैशाख

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसबाट पहिचान बनाएकाहरुले कांग्रेसलाई भुल्न नहुने बताउनुभएको छ ।

नेपाली कांग्रेस तनहुँले आज व्यास नगरपालिका-३ मा आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले कांग्रेसबाट अवसर लिनेहरु नै अहिले कांग्रेसलाई भुलेको आरोप लगाउनुभयो । "कांग्रेसबाट अवसर लिएकाहरुले नै आज कांग्रेसले के दियो भन्ने गरेको सुनिँदै आएको छ, आज मातातीर्थ औँसी पनि हो, जसले पहिचान र अवसर दियो त्यो पनि आमा सरह नै हो," महामन्त्री शर्माले भन्नुभयो ।

महामन्त्री शर्माले आमालाई एक दिनमात्र नभइ सधैँ सम्मान गर्नुपर्ने बताउनुभयो । "एकदिन सम्मान गरी फोटो खिचाउँदैमा आमाप्रति सम्मान हुँदैन, आमा त भगवान हुन् सधैँ सम्मान गर्नुपर्छ," शर्माले भन्नुभयो ।

महामन्त्री शर्माले गोविन्द भट्टराईले तनहुँ छाडेर अन्यत्रबाट पनि टिकट पाउँदा विगतमा अन्य क्षेत्र जान नमान्नुभएको चर्चा गर्दै भन्नुभयो, "उहाँलाई अन्यत्रबाट पनि चुनाव लड्न आग्रह गरिएको हो, तर उहाँले जन्मभूमि छाडेर अन्यत्र जान्न, जहिले टिकट पाउँछु त्यहीबेला लड्छु भनेर बस्नुभएको हो । उहाँमा मातृभूमिप्रति सम्मान छ ।"महामन्त्री शर्माले संसद् नहुँदा पनि भट्टराईले यहाँका जनताका लागि धेरै काम गरेको चर्चा गर्दै अब संसद्मा पुऱ्याएर उहाँमा विकासप्रतिको काम गर्ने चाहनालाई पूरा गर्ने बेला आएको बताउनुभयो । सो अवसरमा उम्मेदवार भट्टराईले प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए संसद्मा आमा, दिदीबहिनीको हकहितका लागि आवाज उठाउने प्रतिबद्धता जनाउनुभयो ।

भट्टाई आफ्नो जन्मभूमिको सेवाका लागि सदैव क्रियाशील रहने बताउँदै उहाँले एकपटक काम गर्ने अवसर प्रदान गर्न आग्रह गर्नुभयो ।

# एसिसी प्रिमियर कप क्रिकेटमा मलेसियाको पहिलो जित

रासस
काठमाडौं, ७ बैशाख

एसिसी प्रिमियर कप एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत बिहीबार भएको खेलमा मलेसियाले साउदी अरेबियालाई आठ विकेटले पराजित गर्दै पहिलो जित दर्ता गराएको छ ।

मूलपानी क्रिकेट मैदानमा भएको खेलमा मलेसियाले साउदी अरेबियालाई आठ विकेटले पराजित गरेको हो । यसअघि भएको पहिलो खेलमा मलेसिया नेपालसँग ६ विकेटले पराजित भएको थियो । यसजितसँगै दुई खेल खेलेको मलेसियाले दुई अङ्क जोडेको छ । साउदी अरेबियाले भने हारबाट प्रतियोगिताको सुरुआत गरेको छ । आजको खेलमा साउदी अरेबियाले प्रस्तुत गरेको १५४ रनको लक्ष्य मलेसियाले २१ दशमलव २ ओभरमा २ विकेट गुमाउँदै पूरा गऱ्यो ।


## शिक्षक आवश्यकता

यस विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१२/२६ को निर्णय र मादी गाउँपालिका च.न. १७५७ मिति २०८० /०१/०७ को प्राप्त पत्र अनुसार यस विद्यालयको मा.वि. तृतीय श्रेणीको करार दरबन्दी अनुसार विज्ञान विषयको शिक्षक पद रिक्त रहेकोले योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं.: ०२/२०७९/०८०** **तह: माध्यमिक**
**संख्याः १ जना** **विषयः विज्ञान** **किसिमः करार**
**योग्यता– विज्ञान विषय लिई स्नातह तह उत्तीर्ण**
**तलबः नेपाल सरकारको प्रचलित स्केल बमोजिम**
**आवश्यक कागजातहरु:**
**– नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान**
**– शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान**
**– स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान**
**दरखास्त दिने मितिः २०८०/०१/२१ गते ४: ०० बजेसम्म**
**सम्पर्क मितिः २०८०/०१/२१ गते ४:०० बजेभित्र**
**निवेदन दस्तुरः रु १,५००|– (एक हजार पाँच सय मात्र)**
**परीक्षाको किसिमः लिखित, अन्तवार्ता र आवश्यक भएमा प्रयोगात्मक**
**अन्य जानकारीको लागि सम्पर्क नं.: ९८५६०६१३३०**
नोटः करार योग्यता सूची २०७९ मा सूचिकृत उम्मेद्वारले दरखास्त दिएको खण्डमा अन्य उम्मेदवारको दरखास्त उपर कुनै कारवाही हुनै छैन ।
रीत नपुगी वा म्याद नाघि आएका दरखास्त माथि कुनै कारवाही हुने छैन ।

**श्री दुधपोखरी माध्यमिक विद्यालय**
**मादी गाउँपालिका वडा नं. १, खिलाङ, सोँधा, कास्की**



## कम्पनीको नाम परिवर्तनको सूचना

(तेस्रो पटक प्रकाशित मिति २०८०/१/८)

श्री कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०७९/१२/२९ को निर्णयानुसार अन्नपूर्ण हाट बजार प्रा.लि. को नाममा रहेको सम्पूर्ण चलअचल श्रीसम्पत्ति तथा तिर्नु व्होर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्होर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी अन्नपूर्ण फार्मर्स मार्ट प्रा.लि. कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८०/०१/०७

अन्नपूर्ण गा.पा. कास्कीको मिति २०८०/०१/०७ गतेको पत्र संख्या ०७९/८० च.न. १०९८ को पत्रअनुसार यस श्री भूमे आ.वि. मा रिक्त रहेको प्रा.वि. तह राहत अनुदान कोटा शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०८०/०१/०७ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**

विज्ञापन नं.: ०१/८० पदः शिक्षक दरवन्दीः राहत अनुदान कोटा
संख्याः १ जना तलव स्केलः नेपाल सरकारले तोके बमोजिम
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
शैक्षिक योग्यताः प्रमाणपत्र तह वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान
दरखास्त दिने अन्तिम मितिः २०८०/०१/२१ गते ४:०० बजेसम्म
परीक्षा मितिः २०८० बैशाख २१ गते जानकारी गराइने ।
दरखास्त दस्तुरः रु १०००|- (एक हजार मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः अन्नपूर्ण गाउँपालिकाको कार्यालय
नोटः करार योग्यता सूची २०७९ मा सूचिकृत उम्मेद्वारले दरखास्त दिएको खण्डमा अन्य उम्मेदवारको दरखास्त उपर कुनै कारवाही हुनै छैन ।

**श्री भूमे आधारभूत विद्यालय**
**अन्नूर्ण गाउँपालिका-९, सुदामे कास्की**
**सम्पर्क नं.: प्र.अ.९८४६९१४६१५ अध्यक्षः ९८४५१०७५६८,९८१११५७४९४**



## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८०/०१/०७

अन्नपूर्ण गा.पा. कास्कीको मिति २०८०/०१/०७ गतेको पत्र संख्या ०७९/८० च.न. १०९९ को पत्रअनुसार यस श्री उमा माध्यमिक विद्यालय मा रिक्त रहेको मा.वि. गणित को करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०८०/०१/०६ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**

विज्ञापन नं.: ०१/२०८०
पदः शिक्षक संख्याः १ जना तहः मा.वि. (गणित)
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः बि.एड वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान
दरखास्त दिने अन्तिम मितिः २०८०/०१/२१ गते ४:०० बजेसम्म
परीक्षा मितिः २०८० बैशाख २१ गते जानकारी गराइने ।
दरखास्त दस्तुरः रु १५००|- (एक हजार पाँच सय मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः अन्नपूर्ण गाउँपालिकाको कार्यालय
नोटः करार योग्यता सूची २०७९ मा सूचिकृत उम्मेद्वारले दरखास्त दिएको खण्डमा अन्य उम्मेदवारको दरखास्त उपर कुनै कारवाही हुनै छैन ।

**श्री उमा माध्यमिक विद्यालय**
**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, कास्की**
**सम्पर्क नं.: प्र.अ. ९८४६४६८२१७,९८०५८१६२५४,९८०६७३६०५०**


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

